# सैनामैना नगरपालिकाको नगरसभामा प्रस्तुत
# आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम

नगरकार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही

प्रदेश नं. ५

५ आषाढ, २०७६

**गरिमामय नगरसभाका अध्यक्ष महोदय एवं, सभाका सदस्यज्यूहरु,**

सैनामैना नगरपालिकाको गरिमामय नगर सभामा आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम हामी सैनामैना नगरपालिका स्थानीय सरकारको रुपमा रही दुई वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ल्याई सकेका छौं । आ.व. २०७६/७७ लाई **विकास योजना कार्यान्वयन वर्ष** को रुपमा लिएको छु । यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

स्थानीय सरकार जनताको त्याग र बलिदान बाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त नगर निर्माण तथा सभ्य र सु-संस्कृत समाज एवम आफ्नो कर्तव्य प्रति दृढ रहनु यस नगरपालिकाका आदर्श हुनेछन ।

नगरको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित सैनामैना नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा  सहयोग गर्नुहुने राजनीतिक दलहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार जगत तथा सैनामैना नगरवासीहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको नीति नियमको परिधिभित्र रही यस गरिमामय सभामा आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

यस नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा लिएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन भइरहेका छन् । नगरपालिकाले निर्दिष्ट गरे बमोजिम आर्थिक समृद्धि एवम दिगो विकासमा लाग्नु जनप्रतिनिधिहरु एवम कर्मचारीहरुको साझा कर्तव्य हो । चालु आ.व. मा नगर गुरुयोजना निर्माण, ठूला पूर्वाधार विकास, एकिकृत नमुना बस्ती विकास, हाटबजार निर्माण एवं स्थानान्तरण, रङ्गशाला निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, कृषि,पशु, स्वरोजगार एवं क्षमता विकास, सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरु उच्च प्राथमिकता साथ सञ्चालन भईरहेका छन् ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, संघीय सरकार तथा प्रदेश सरकारको सहभागितामा समपूरक अनुदान तथा विशेष अनुदानबाट, सामुदायीक विद्यालयमा सूचना प्रविधिको विकास, अन्तर स्थानीयतह दमकल खरीद, व्यवस्थीत सडक निर्माण, हाटवजार स्थानान्तरणको लागि पूर्वाधार निर्माण जस्ता कार्यक्रम अगाडी बढाइएका छन । नगर भित्रका सडकहरु स्तरउन्नती तथा नाली निर्माण जस्ता कार्य अन्तिम चरणमा पुगेका छन् । कोरिया नेपाल इन्ष्टिच्युट अफ टेक्नोलोजीसँग भएको सम्झौता बमोजिम तीनवटा विधामा प्राविधिक तर्फ अठार महिने तालिम सञ्चालन भइरहेको छ । जसबाट १०७ जनाले रोजगार पाउने अपेक्षा लिइएको छ । नगरपालिकाको लागि चाहिने आवश्यक कानुनहरु तर्जुमा भइरहेका छन् भने मेलमिलापको माध्यमबाट न्यायिक निरुपण गर्ने उद्देश्यले नगर र वडा स्तरमा मेलमिलाप समिति गठन भई विवाद निरुपणमा कृयाशिल रहेका छन् । नगरपालिकाबाट प्रवाह गर्ने सेवा प्रविधिमैत्री बनिसकेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सँस्कृति तथा पर्यटन**

१. आर्थिक वर्ष २०७६/७७ मा सांस्कृतिक सहर निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२. नेपालका विभिन्न पर्यटकीय स्थल मध्ये महत्वपूर्ण गन्तव्य स्थलको रुपमा रहेको सैनामैना क्षेत्रको इतिहास, भूगोल, धर्म र संस्कृति झल्कने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ । सैनामैना नगरको मुहार झल्कने गरी अध्ययन कार्यदलबाट प्राप्त प्रतिवेदन सहितको **"सैनामैनाको चिनारी"** पुस्तक प्रकाशनको क्रममा रहेको छ । प्राप्त अध्ययन प्रतिवेदनबाट सैनामैना क्षेत्र बुद्धकालीन ऐतिहासिक शहर रहेको पुष्टि हुन आएको छ । यसको अध्ययन, अनुसन्धान र संरक्षण गरी महत्वपूर्ण पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ । सैनामैना क्षेत्र, पर्रोहा परमेश्वर वोलवमधाम, मलमला, महेरवादेवी, कोटियाथान लगायतका मठ मन्दिर, डिउहार, मस्जिद, गुम्बा, चर्चहरुको संरक्षण तथा सम्बर्द्धन गर्दै नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान र विकासका लागि ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्न पूर्वाधार निर्माण तथा प्रचार प्रसारमा जोड दिइनेछ भने जवरजस्ती धर्म परिवर्तन गर्ने गराउने कार्यलाई निरुत्साहित गरिनेछ ।

३. लुम्बिनी परिपथ परिक्रमा कार्यक्रमलाई व्यवहारमा रुपान्तरण गर्न अन्तर स्थानीय तह जोड्ने सडक निर्माणमा आवश्यक समन्वय गरिनेछ । नगरभित्र सञ्चालित तीन पाङ्ग्रे सवारीसाधनलाई व्यवस्थित गरिनेछ ।

४. पर्यटन पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न सैनामैना नगरपालिका वडा नं. २ मा थारु होमस्टेको सभाहल र पाहुना घर निर्माण कार्य सम्पन्न भइसकेकोले थारु होमस्टे सञ्चालनमा ल्याइनेछ । यस नगरमा आदिवासीको रुपमा बसोबास गर्दै आएका थारु समुदायको संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न थारु संग्राहलय निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ । उद्योग बाणिज्य संघ तथा व्यापार संघबाट प्रत्येक वर्ष हुदै आएका कृषि तथा प्रर्यटन महोत्सव, भड्छा महोत्सव, आदिवासी जनजाती महोत्सव र माघी मेलाको संचालनलाई निरन्तरता दिइनेछ ।

**आर्थिक विकास**

५. नगरपालिका भित्र नगर गुरुयोजनाले निर्दिष्ट गरेको स्थानमा पूर्वाधार सहितको औद्योगिक ग्राम स्थापनाको कार्य अगाडि बढाइनेछ । घरेलु तथा साना उद्योग स्थापनामा जोड दिदै स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने नीति लिइनेछ । यस नगरपालिकाको वडा नं. ७ लम्टैयामा औद्योगिक ग्राम निर्माणको लागि नेपाल सरकारमा प्रस्ताव पेश गरिएको छ नेपाल सरकारबाट प्रस्ताव स्वीकृत हुनासाथ पूर्वाधार विकासको कार्य अगाडि बढाइनेछ ।

६. सैनामैना नगरपालिकाको नगर गुरुयोजना तर्जुमा भइसकेको छ । सोही गुरु योजनालाई मार्गदर्शकको रुपमा लिई नगरका अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन बिकासका लक्ष्यहरु निर्धारण हुनेछन् । नगर गुरुयोजनाको आधारमा योजनाहरुको प्राथामिकताक्रम निर्धारण गरेर क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । आम जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने भूमिको व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्ने गरी नगरको भू-उपयोग योजना निर्माण गर्ने कार्य अन्तिम चरणमा रहेको छ । भू-उपयोग योजनामा आधारित रहेर नगरका सम्पूर्ण योजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

७. कृषि क्षेत्रको विकास बिना सैनामैना नगरपालिकाको समृद्धि सम्भव नभएकोले यस नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्राथमिकता दिई कृषि क्षेत्रमा लगानीमैत्री वातावरण सृजना गरी जनतालाई आत्मनिर्भर बनाउनेतर्फ विशेष जोड दिइनेछ । स्वरोजगार र उद्यमशिलता अभिवृद्धि गरी सैनामैनावासीहरुको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति गराउने खालका कार्यक्रमहरु क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । कृषिमा दिंदै आएको विभिन्न अनुदानलाई बृद्धि गरिनेछ ।

८. “**उत्पादन गरौँ आत्मनिर्भर बनौँ**”भन्ने अभियानलाई साकार पार्न कृषि उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ। सरकारबाट दिइने अनुदान सहकारी तथा सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिइनेछ । कृषियोग्य जमिनको चक्लावन्दि गरी व्यवस्थित गर्न गैरकानुनी खण्डिकरणलाई नियन्त्रण गर्ने नीतिगत व्यवस्था गरिने छ । नगरपालिका भित्र स्थापना भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई न्यूनतम सदस्य संख्या र पूँजिको सीमा तोकी समान प्रकृति र उद्देश्य भएका सहकारीहरुलाई मर्ज गर्ने गरी कानूनी व्यवस्था मिलाइनेछ । सहकारीको माध्यमबाट एकीकृत कृषि, उद्योग तथा व्यापारको क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ । सहकारीहरुले अनुत्पादक क्षेत्रमा गर्ने लगानीलाई निरुत्साहित गरिनेछ । मर्ज गरिएका सहकारीहरुलाई **औद्योगिक ग्राम** क्षेत्र भित्र उद्योग सञ्चालनको लागि जग्गा उपलब्ध गराइनेछ ।

९. कृषि तथा पशुपालनमा युवा कृषकहरुलाई प्रोत्साहन गर्न निर्वाहमुखि कृषि प्रणालीलाई क्रमश: विस्थापित गरेर व्यवसायिक कृषि प्रणालीको विकास तर्फ आकर्षित गर्ने नीति लिइनेछ । माछा, मासु, दुध, अण्डा जस्ता क्षेत्रमा नगरपालिका आत्मनिर्भर भईसकेकोले यसको व्यवसायिकरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ । कृषिमा दिइने अनुदान कार्यलाई भू-उपयोग योजनाले निर्दिष्ट गरेका कृषिको सुपर जोन, कृषि जोन र व्यवसायिक कृषि क्षेत्रमा केन्द्रित गरिनेछ । प्रदेश सरकारसँगको सहकार्यमा वडा नं. ३ मा स्मार्ट कुखुरा पालन, वडा नं. ६ र ११ मा स्मार्ट पशुपालनको लागि सञ्चालित कृषि ग्राम कार्यक्रमलाई निरन्तरता दिइनेछ । व्यवसायिक कृषि तथा पशुपालक कृषकको क्षतिलाई न्यूनिकरण गर्न कृषि तथा पशुपालन क्षेत्रमा अनिवार्य विमा गर्ने वानीको विकास गर्न विमा क्षेत्रमा अनुदान दिने नीति लिइनेछ । यसै गरी पशुपालक कृषकहरुलाई नश्ल सुधारको लागि उन्नत जातको सिमेन उपलब्ध गराइनेछ । कृषि क्षेत्रको विकासको लागि शीत भण्डार निर्माण गर्ने नीति लिइएकोछ ।

१०. व्यवसायिक रुपमा पशुपंछीपालक किसानहरुलाई प्राथमिकता साथ अनुदान उपलब्ध गराउने नीति लिइएको छ ।

## शिक्षा

११. **"प्रविधिमा आधारित गुणस्तरीय वालमैत्री शिक्षा, हामी सबैको इच्छा"** भन्ने नारालाई साकार पार्न विद्यालयलाई सूचना प्रविधियुक्त वनाउने कार्यको थालनी गत आ.व. देखिनै सुरु गरिएको छ । कक्षा कोठामा गरिने शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई थप प्रभावकारी बनाइनेछ । शिक्षकलाई सूचना प्रविधि मैत्री वनाइ शैक्षिक सामग्री र पाठयोजना सहितको शिक्षणलाई प्रोत्साहन गरिने छ । यसवाट वालवालिकाहरुले आफ्नो सिकाइलाई फराकिलो वनाउदै गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरणको सिर्जना हुनेछ । विद्यालयका शिक्षक दरवन्दी मिलान गरी प्रधानाध्यापक र शिक्षकलाई कार्य सम्पादन करारमा उल्लेखित सूचकको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२. सैनामैना नगरपालिका भित्रका प्राथमिक तह उमेर समूहका सबै वालवालिकाहरुलाई विद्यालय भर्ना गरिनेछ । विद्यालयको भौतिक विकास, विद्यालय सरसफाइ र सुरक्षित वातावरणको लागि विद्यालयको पूवार्धार विकासमा जोड दिइनेछ । नगरपालिका भित्रका सवै विद्यालयहरुलाई एकै किसिमको रंग रोगन गर्न प्रोत्साहन गरिनेछ । विहानी सत्रमा संचालन भएका सवै विद्यालयहरुलाई यसै शैक्षिक सत्र देखि दिवा सत्रमा संचालन गरिनेछ । विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ । यसवाट वालवालिकाहरु पानीवाट सर्ने सरुवा रोगवाट सुरक्षित रहन सक्ने छन् । साना वालवालिकाहरुलाई घरमा तयार गरिएको खाजा खानेवानीको विकास गर्न टिफिन वक्स कार्यक्रम संचालन गरिनेछ । पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म रमाइलो र सजावट युक्त वालमैत्री कक्षा व्यवस्थापन गरिनेछ । यसवाट कलिला वालवालिकाहरु रमाइलो वातावरणमा खेल्दै सिक्दै गर्ने अवसर प्राप्त गर्नेछन् । विद्यालयमा अध्ययनरत छात्राहरुलाई आवश्यक पर्ने सेनेटरी प्याड उपलव्ध गराउने व्यवस्था गरिनेछ । विद्यालय हाताभित्र बृक्षारोपण गरी हरियालीयुक्त वनाउन प्रोत्साहित गरिनेछ । विद्यालय हाताभित्र सुर्तिजन्य पदार्थ र जंङ्कफुड निशेधित क्षेत्र घोषणा गरिनेछ ।

१३. माध्यमिक तह पुरा गर्न नसकेका र प्राविधिक शिक्षा पढ्न चाहने युवाहरुलाई हाल नगरपालिकाबाट CTEVT मार्फत संचालन गरिदै आएको छोटो तथा लामो अवधिको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई निरन्तरता दिइनेछ । यस कार्यबाट दक्ष युवा जनशक्ती तयार भई स्थानीय स्तरमा स्वरोजगारको सिर्जना भई वेरोजगार समस्यामा कमी आउने अपेक्षा गरिएको छ ।

## स्वास्थ्य तथा सरसफाई

१४. स्थानीय तहमा एक अस्पताल बनाउने कार्यक्रम अनुरुप यस नगरपालिकामा सुविधा सम्पन्न अस्पताल निर्माण गर्न पहल गरिनेछ । पर्सेहा स्वास्थ्य चौकीमा एम.वि.वि.एस. डाक्टर सहितको सेवा प्रारम्भ भइसकेकोले उक्त स्वास्थ्य चौकीलाई समयानुकूल उपकरण सहितको व्यवस्था मिलाइनेछ । सोही स्थानमा सञ्चालित आँखा उपचार केन्द्रलाई व्यवस्थित गरिनेछ । दुधराक्ष स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालनमा ल्याइनेछ भने रणअम्बिका आँखा अस्पताल र नगरपालिकाको संयुक्त लगानीमा प्राथमिक आँखा उपचार केन्द्र निर्माण गरिनेछ ।

नगरपालिका, नेपाली सेना र स्थानीय समुदायसँगको सहकार्यमा सर्पदंश अस्पताल यथासिघ्र सञ्चालनमा ल्याइनेछ । संघीय सरकार र नगरपालिकाको लगानीमा नगरका बाँकी ७ वडाहरुमा स्वास्थ्य केन्द्रका भवन निर्माण सम्पन्न गरिनेछ ।

१५. स्वास्थ्य विमा सम्बन्धी कार्यक्रम अन्र्तगत सवै नगरवासीमा स्वास्थ्य विमाको शुरुवात गरिनेछ । जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य विमाको व्यवस्था मिलाइनेछ । वडा नं. १ सैनामैनामा रहेको प्राकृतिक चिकित्सा केन्द्रलाई प्राकृतिक तथा आयुर्वेदिक अस्पतालको रुपमा सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ । हाल सञ्चालनमा रहेको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ महिला स्वास्थ्य स्वयम सेविकाहरुले गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयम सेविका अक्षय कोष स्थापना गरिनेछ ।

१६. नगरपालिका भित्र रहेका निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको सञ्चालनलाई व्यवस्थित र गुणस्तरीय बनाउने नीति लिइनेछ । स्वास्थ्य सेवा प्रदायक सार्वजनिक निजी र सामुदायिक संस्थाहरुसँग सहकार्य गरी आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ । पर्रोहा बर्थिङ्ग सेन्टरमा सञ्चालित २४ घण्टे प्रसुति सेवालाई थप व्यवस्थित बनाउदै लगिनेछ । सुरक्षित गर्भपतन, मुटुरोग, क्यान्सर, मधुमेह, रक्तचाप र क्षयरोग जस्ता रोगहरुको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ । प्रसुति गराउन आउने महिला र उपचार गराउन आउने ७० वर्ष माथिका जेष्ठ नागरिकलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१७. नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **“एक घर एक धारा”** कार्यक्रम सहित सबै नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने गरी प्राथमिकताका साथ कार्य अगाडि बढाइनेछ ।

१८. **“सफा घर, टोल र शहर सैनामैनावासीको एउटै रहर”** भन्ने नारालाई सार्थक बनाउन २०७५ साल जेठ ६ गते देखि फोहरमैलाको अल्पकालिन व्यवस्थापनको शुरुवात भइसकेकोले यसलाई थप व्यवस्थित गर्दै लैजाने नीति लिइनेछ । फोहरको दीर्घकालिन व्यवस्थापनका लागि रिसाइक्लिङ र कम्पोष्टिङ सहितको ल्याण्डफिल साइटको अध्ययन गरी डि.पि. आर तयार भइसकेको छ भने उक्त क्षेत्रमा व्यवस्थित फोहोरमैला व्यवस्थापनको लागि पूर्वाधार विकासको कार्य अगाडि बढाइनेछ । साथै फोहरलाई कम्पोष्ट मलमा रुपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१९. नगर क्षेत्रभित्र स्थापित खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आफ्नो कोषबाट प्रत्येक वर्ष सरसफाई र बृक्षारोपणको क्षेत्रमा अनिवार्य रकम विनियोजन गरी प्रत्येक वडाको वार्षिक कार्ययोजना बनाई वडाध्यक्षको संयोजकत्वमा खानेपानी समिति, टोल विकास सँस्था तथा स्थानीय संघ सँस्था र समुदायलाई परिचालन गर्न वडा स्तरीय सरसफाई समिति गठन गरिनेछ । उक्त समिति मार्फत आ-आफ्नो कार्य क्षेत्रभित्र सघन सरसफाई अभियानमा विनियोजित बजेट खर्च गर्ने गरी कानूनी व्यवस्था मिलाइनेछ । उक्त कार्यमा उत्कृष्ठ कार्य गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

२०. निजी क्षेत्रसँगको साझेदारीमा उपयुक्त स्थान छनोट गरी सार्वजनिक शौचालय निर्माणको व्यवस्था मिलाउने नीति लिइनेछ ।

२१. **“सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद”** को नीति अनुरुप हाल सञ्चालन गरिदै आएको क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै विधवा तथा एकल महिला, द्वन्द्वपीडित महिला, बेरोजगार तथा अति पिछडिएका र बिपन्न समुदायको लागि रोजगारमूलक तालिमको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । सबै प्रकारका घरेलु हिंसामा परेका महिलाहरुलाई न्याय दिलाउन उच्च प्राथमिकता दिइनेछ । अपांग र बालवालिका लक्षित कार्यक्रमहरु सम्बन्धित लक्षित समुदायको परामर्शमा तय गरी प्रभावकारी रुपमा लागु गर्ने नीति अवलम्बन गरिनेछ । अपाङ्ग परिचयपत्र वितरण कार्यविधि स्वीकृत भई लागु भइसकेकोले सो कार्यलाई सरलीकरण गर्न महिला तथा वालवालिका कार्यालयबाट जारी भएका अपाङ्ग परिचयपत्र विस्थापित गरी नगरपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम घुँम्ति शिविर सञ्चालन गरी पुनः वितरण गरिनेछ ।

२२. बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन भइसकेकोले निजहरुलाई परिचयपत्रको आधारमा थप सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

२३. समाजमा सकारात्मक सोंचको विकास गरी शान्ति र अमनचयन कायम गर्न, नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान जस्ता कार्यक्रमहरु संचालन गर्न समुदायलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२४. सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई अझ सरलीकृत र प्रभावकारी बनाइनेछ । जेष्ठ नागरिक र अपाङ्ग नागरिकको भावनालाई कदर गर्दै प्रदेश सरकारसँगको सहकार्यमा वडा नं. १ मा प्रदेश स्तरको जेष्ठ नागरिक ग्राम र अपाङ्ग ग्राम स्थापना गरिनेछ। हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२५. वडा समिति, टोल विकास सँस्था, आमा समूह, स्थानीय क्लब, समुदाय र सुरक्षा निकायको सहकार्यमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम मार्फत समाजमा विद्यमान समस्याको रुपमा देखिएको लागु पदार्थ सेवन र दुर्व्यसन जस्ता कार्यक्रम न्यूनिकरणका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ । बाल संरक्षण गृह, सुधार केन्द्र, रिफ्रेस सेन्टर स्थापना गरी सञ्चालन गर्न चाहने सामाजिक संस्था र निजी क्षेत्रलाई आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । वडा तथा नगरस्तरीय वालक्लवहरुको क्षमता विकासको लागि विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

**सभाध्यक्ष महोदय,**

२६. **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"**अभियानलाई सार्थक बनाउन सैनामैना नगरपालिका वडा नं. ७ लमटैयामा प्रारम्भ गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानको डिपिआर तयार गरी पूर्वाधार निर्माण कार्य अगाडि बढाइनेछ । युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहित गर्न विगत वर्ष देखि शुरु गरिएको नगरस्तरीय मेयर कपलाई निरन्तरता दिइनेछ । नगरभित्रका युवा तथा विद्यार्थीहरुलाई लक्षित गरी नगरस्तरीय खेल सप्ताहलाई निरन्तरता दिइनेछ ।

२७. नगर गुरुयोजना अनुसार नगरपालिका क्षेत्रमा रहेका खेलकुद मैदानहरु मध्ये राष्ट्रिय, क्षेत्रीय र स्थानीय रङ्गशाला निर्माणका लागि उपयुक्त स्थानहरुको पहिचान गरी प्राथमिकताका आधारमा निर्माण कार्य अघि बढाइनेछ । प्रदेश सरकार र नगरपालिकाको सहकार्यमा सैनामैना १ मा निर्माणधिन रहेको इनडोर आउटडोर सहितको खेलकुद मैदानको निर्माण कार्यलाई निरन्तरता दिइनेछ । प्रदेश सरकारको सहयोगमा वडा नं. ४ मा निर्माण सुरु गरिएको फुटवल रङ्गशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ । वडा नं. १० को कन्चन प्रा.वि.को पश्चिमपट्टीको खेलकुद मैदान र वडा नं. ११ को महेरवादेवी आधारभूत विद्यालयको पश्चिमपट्टी रहेको खेलकुल मैदानलाई स्तरोन्नती गरिनेछ ।

## पूर्वाधार विकास

२८. **"नगरको समृद्धिको आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार"** भन्ने नारालाई आत्मसाथ गरी सडक निर्माण तथा बिस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिकाका गौरवका योजना अन्तर्गत विस्तृत सर्भे तथा डिजाइन इष्टिमेट भइसकेका सडक तथा पुलहरुको निर्माण कार्य आरम्भ गरिनेछ । नगर यातायात गुरु योजनाको आधारमा स्तरोन्नति भएका कच्ची सडकहरुलाई क्रमशः कालोपत्रे गर्ने र सो बाहेकका मुख्य मुख्य सडकहरु र गाउँभित्रका परम्परागत सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यस क्षेत्रको गौरवको रुपमा रहेका योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्रै सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ सम्पन्न गर्ने तर्फ आवश्यक पहल गरिनेछ । नगरपालिका क्षेत्र भित्र बनेका सडकहरुको नामाकरण गर्ने कार्य सम्पन्न गरिनेछ ।

२९. सडकको दिगो विकासको लागि नगर भित्रका कालोपत्रे सडकमा गुणस्तर कायम गर्न ३० फिट वा सो भन्दा बढी चौडाई भएका सडकहरुमा असफाल्ट प्रविधि अपनाइनेछ । सडकको सर्भे डिजाइन गर्दा सोमा पर्ने विद्युत पोल, तार, नाली खानेपानी पाइप विस्तार समेत समावेश गरी एकिकृत डिजाइन इष्टिमेट तयार गरी कार्यान्वयनमा ल्याइनेछ । लागत सहभागितालाई स्थान विशेष तथा योजनाको प्रकृति अनुकुल परिमार्जन गर्दै लगिनेछ ।

३०. वडा नं. १० मा निर्माणाधिन रहेको सालझण्डी ढोरपाटन बसपार्कको स्तरोन्नती गरी सञ्चालनमा ल्याइनेछ । प्रदेश सरकार समेतको सहभागितामा वडा नं. ३ र ८ मा निर्माणधिन हाटबजारलाई व्यवस्थित गर्दै लगिनेछ । वडा नं. १० सालझण्डीमा मा रहेका हाटबजारलाई स्थानान्तरण गर्ने गरी पानवारीको भाटामा हाटबजार निर्माण कार्य अगाडि बढाइनेछ ।

३१. फूलवारी पार्क, वोलबम पर्यावरणीय पार्क, मलमला पार्कको डि.पि.आर. तयार भईसकेका छन् भने बाँकी वडा नं. ११ को राजापानी पर्यटकीय क्षेत्र र वनकट्टीमा ग्रिनपार्क, वडा नं. ९ मा वालउद्यान र सहिदपार्क, वडा नं. ५ थारु संग्राहालय, वडा नं. ३ मुर्गिया हाटबजार र दूर्गा मन्दिर क्षेत्रलाई समावेश गरी आधुनिक पार्क र वडा नं. १ समावेशी पार्क निर्माणको लागि डि.पि.आर. तयार गरिनेछ ।

३२. पूर्व-पश्चिम लोकमार्गको बुटवल-कोठीपुलसम्मको खण्डलाई छ लेनको सडकमा विस्तार गर्न विस्तृत सर्भे डिजाइन अगाडि बढाउन नेपाल सरकारसँग समन्वय गरिनेछ । निर्माण शुरु भएको सैनामैना चक्रपथलाई कालोपत्रे गर्नुका साथै बाँकी खण्डको स्तरोन्नति कार्य आ.व. २०७६/०७७ भित्र सम्पन्न गर्न पहल गरिनेछ र नगरपालिकाको वडा नं. १० र ११ पनि चक्रपथको पुरक खण्डमा समावेश भइसकेको हुँदा समयमै कार्य सम्पन्न गर्न सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

३३. लुम्विनी प्रवेशद्धारका रुपमा रहेको मुर्गिया-लुम्बिनी सडकलाई बजेटको अभाव हुन नदिई आ.व. २०७६/७७ भित्र सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरिनेछ । धार्मिक तथा पर्यटकीय स्थानहरुमा जाने सडकहरुको पहिचान गरी कालोपत्रे गरिनेछ । प्रदेश र नगरपालिकाको सहकार्यमा मेजर सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ । निर्माण कार्य शुरु भईसकेको दानव नदीको कर्साघाटमा निर्माणधिन पुल, दक्षिण बरौली र जर्लैया जोड्ने कन्चन नदीको पुल, सैनामैना र पाल्पा जोड्ने ईंगुरिया पुल जस्ता योजना तीब्र गतिमा निर्माण कार्य अघि बढेकोले समयमै सम्पन्न गर्न पहल गरिनेछ भने अधुरा योजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गरिनेछ ।

३४. चुरे पहाड र सो सँग जोडिएका वस्तीहरु छुट्टिने गरी वडा नं. १ सैनामैना क्षेत्र देखि वडा नं. २,३,५,६,९ हुँदै वडा नं. १० को खोरमोर खोला सम्म ३० फुटको सडक निर्माणको लागि डि.पि.आर. तयार गरी कार्य अगाडि बढाउन विश्व बैंक सँग पहल गरिनेछ ।

३५. पर्यटन प्रवर्द्धनको लागि कोशेढुङ्गाको रुपमा रहेको सैनामैना वडा नं. ३ मा अवस्थित लामीरहको बहुउद्देश्य बाँधको पूर्व सम्भाव्यता अध्ययन तथा भौगर्भिक सर्भे समेत सम्पन्न भइसकेको जलाशय निर्माण योजनाको डिपिआर तयार गरी लगानी जुटाई निर्माण कार्य आरम्भ गरिनेछ ।

३६. सार्वजनिक निजी साझेदारी वा अन्य सहयोग पहिचान गरी नगरक्षेत्रभित्र स्विमिङ पुल सहितको आधुनिक वाटर फन पार्क निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

३७. नगरपालिका क्षेत्रभित्र रहेका परम्परागत कुलाहरु तथा नदीमा बाँध बाँधी हुदै आएको सतह सिंचाइको लागि निर्मित कच्ची कुलाहरु पक्की निर्माण गर्नको लागि एकीकृत रुपमा सम्भाव्यता अध्ययनको लागि कार्य अघि बढाइनेछ । प्रयोगमा नआएका सिंचाइका डिप ट्यूवेलहरुलाई मर्मत गरी प्रयोगमा ल्याइनेछ ।

३८. बिस्तृत सर्भे डिजाइन सम्पन्न भइसकेको सन्तानपुर सिंचाई योजनाको बाँध निर्माण प्रदेश योजनामा समाबेश गर्न पहल गरिनेछ । नगरपालिका क्षेत्रभित्र पर्ने कन्चन र दानव नदीमा जनताको तटबन्धमार्फत दोहोरो तटबन्धन सम्बन्धी डिपिआर तयार भइरहेको र बाँकी खोलाहरुमा जलश्रोत तथा सिंचाई विकास डिभिजन, रुपन्देही र नगरपालिकाको साझेदारीमा वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम दोहोरो तटबन्धनको व्यवस्था मिलाइनेछ । कर्साघाट शवदाह गृहलाई थप व्यवस्थित गर्नुको साथै वडा नं. ९ गुरुङ्गडाँडामा रहेको शवगृहलाई समेत व्यवस्थित गरिनेछ ।

३९. नगर भू-उपयोग योजनाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित, सुन्दर र सुविधा सम्पन्न भू-उपयोग योजना बमोजिम नमूना वस्ती विकास (**Town Planing**) को कार्य प्रारम्भ गरिनेछ र नीजि क्षेत्र समेतको लगानीमा आवास क्षेत्रमा वस्ती विकास गरिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा नगर सभाहल निर्माण कार्यको लागि आवश्यक पहल गरिनेछ । मुर्गिया र सालझण्डी बजारमा व्यवसायिक बहुउद्देश्यीय भवन निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

४०. नगरपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित वनाइनेछ । सैनामैना भवन निर्माण संहिता समयानुकुल परिमार्जन गरी लागू गरिनेछ । नक्शा पास प्रकृयालाई प्रभावकारी बनाउन घुम्ति शिविर सञ्चालन गरिनेछ । संघीय सरकार र नगरपालिकाको लागत साझेदारीमा सैनामैना ११ मा निर्माण सुरु गरिएको तराई मधेश समृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ । नगरपालिकाको उपयुक्त स्थानमा संघीय सरकारको सहयोगमा सीप विकास प्रतिष्ठानको स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

४१. नगरपालिका क्षेत्रभित्रका फिल्ड र नक्सामा, क्षेत्रफल तथा साइट नमिली फरक परेका अस्नैयाडाडा, बाँसगढी र सालभ्रूण्डीका जग्गाहरुको हकमा नापी कार्यालय तथा नापी  विभागसँग समन्वय गरि फिल्ड अनुसार नक्सा कायम हुने गरी पुन नापी गर्ने कार्य अगाडि बढाईनेछ ।

४२. नगरपालिका क्षेत्रभित्र भएका वेदर्ता जग्गाहरुलाई व्यक्ति वा संस्थाहरुले नगरपालिकामा पेश गरेको विवरण वमोजिम भए नभएको सम्बन्धमा  नाप जाच गर्ने, नापी टोली खटाई अभिलेख दुरुस्त गर्ने कार्य अगाडि बढाइनेछ । नगरक्षेत्र भित्रका सार्वजनिक कुलो, घोला, गौचरण, नदी उकास, पोखरी, खेलकुद क्षेत्र जस्ता सार्वजनिक जग्गाहरुको नापजाच गरी लगत राख्ने कार्य अगाडी बढाईनेछ ।

४३. नगरपालिका क्षेत्र भित्र नाप नक्सा गर्न छुटेका गाउँ ब्लक जग्गाहरुको नाप नक्सा गर्न, नापी कार्यालय तथा नापी विभागसंग समन्वय गरी उक्त कार्य अगाडि बढाईनेछ ।

४४. योजना निर्माण तथा सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रम तथ्यमा आधारित वनाउन तथ्याङ्क आधार तयार गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

४५. डिजिटलाईज प्रविधिबाट नगर पार्श्वचित्र तयार गर्ने, घर नम्वरिङ गर्ने तथा घरधुरी सम्बन्धी सम्पुर्ण तथ्याङ्कहरु एकीकृत रुपमा संकलन गरी सफ्टवेयर प्रणालीमा राख्ने कार्य सम्पन्न गरिनेछ ।

४६. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा उपलब्ध गराइएको तालिमलाई निरन्तरता दिइनेछ । यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरपालिकामा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिनेछ । भवन निर्माण संहिता तथा भवन निर्माण मापदण्डको बारेमा व्यापक जनचेतना जगाउने कार्यक्रम ल्याइनेछ । निर्माण सम्पन्न भइसकेका तर भवन निर्माण संहिता र भवन निर्माण मापदण्ड अनुरुप नभएका भवनहरुलाई मापदण्ड अनुरुप बनाउन निश्चित समय दिई अभियानको रुपमा सञ्चालन गरिनेछ । भवन मापदण्ड लागुहुनु पूर्व सम्पन्न भएका घरको नक्शाङ्कन गरी नक्शा नियमित गरिनेछ र नक्शा नियमिततामा दिंदै आएको छुट सुविधालाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

४७. हालसम्म पनि बिद्युत लाइन जडान नभएका स्थानहरुको पहिचान गरी ती स्थानहरुमा विद्युत लाइन जडानको व्यवस्था गरिनेछ । कतिपय स्थानहरुमा लाइन जडान भए पनि लो भोल्टेजको कारणले उत्पन्न हुने समस्या समाधान गर्न नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण केन्द्र बुटवलसँग समन्वय गरी विद्युत आपूर्तिलाई नियमित गरिनेछ । बिद्युत क्षेत्रको समग्र समस्याहरुलाई एकीकृत रुपमा समाधान गर्ने गरी सैनामैना वडा नं. ९ मा शुरु गरिएको बिद्युत सब-स्टेशन निर्माण कार्य तिव्रताका साथ अघि बढाइनेछ । विपन्नताको कारणले विद्युत मिटर जडान गर्न नसक्ने परिवारलाई निशुल्क विद्युत मिटर जडानको लागि आवश्यक पहल गरिनेछ ।

४८. आफ्नै वडा कार्यालय नभएका वडा कार्यालयको वडा भवन निर्माणको लागि विस्तृत ड्रइङ्ग डिजाइन गरी निर्माण प्रक्रियालाई निरन्तरता दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

## वन,वातावरण तथा विपद व्यवस्थापन

४९. वन्यजन्तु, चराचुरुङ्गी तथा वनस्पतिलाई मध्यनजर गरी वन क्षेत्रमा आवश्यक मात्रामा पोखरी निर्माण गर्ने कार्यको थालनी गरिनेछ । नगरपालिकाको वस्तुगत क्षेत्रलाई मध्यनजर गरी सामूदायिक वनको कार्ययोजना संशोधन गर्ने नीति लिइनेछ । जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्षमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरुलाई प्रोत्साहित गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

५०. नगर क्षेत्रभित्र रहेका सार्वजनिक स्थल र नदि किनारहरुमा स्थान अनुकूल वृक्षारोपण गर्ने नीति लिइनेछ । टोल विकास संस्था, स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न,वृक्षारोपण गरिएका बोट विरुवाहरु कटान हुन नदिन, जगंली जीव जन्तुको अवैध शिकार, चोरी निकासी तथा ओसारपसार रोक्न गस्ती परिचालन गरिनेछ । वन संरक्षणको लागि नगरक्षेत्रका विभिन्न सामुदायिक वनहरुमा तारवार गरिने कार्यलाई अगाडि बढाइनेछ । जथाभावी वनक्षेत्र प्रवेश गर्न निषेध गरिनेछ ।

५१. एक घर दुई फलफूलको अवधारणा अनुरुप प्रत्येक घरमा फलफूलका विरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ । मापदण्ड पूरा गरी नाली सहित कालो पत्रे सम्पन्न भइसकेका सडकको छेउछाउमा मध्यम खालको बहुवर्षिय **स्मृति वृक्ष** रोप्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५२ .विभिन्न संघ सँस्था तथा टोल विकास सँस्था, सामुदायिक वनहरुको सहभागितामा भू-क्षय तथा विपदलाई मध्यनजर गरी बृक्षारोपण र तारवार गर्ने गरी व्यवस्था मिलाइनेछ । जीविको पार्जनका लागि वनजंगलको अवधारणालाई सार्थक तुल्याउन नगरपालिकाभित्र रहेका सामुदायिक र साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ ।

५३. नगरपालिका र सामुदायिक वनको सहकार्यमा सघन वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत मध्यनजर गरी स्थानीय वेरोजगार व्यक्तिहरुलाई बृक्षारोपणमा सहभागी गराउने नीति लिइनेछ । वेरोजगारको पून: सूचना प्रकाशन गरिनेछ र वेरोजगारको सूचिमा रहेका वेरोजगारहरुलाई नगरपालिकाका विभिन्न क्षेत्रमा रोजगारको व्यवस्था मिलाउने गरी सरकारी तथा गैर सरकारी सँस्था र निजी क्षेत्रसँग आवश्यक समन्वय गरिनेछ ।

५४. बढ्दो जनसंख्याको कारण नगरका सार्वजनिक स्थल र प्राकृतिक सम्पदाहरुको अतिक्रमण बढ्दै गएकोले यसलाई नियमन र नियन्त्रण गर्न प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा गठित सार्वजनिक जग्गा संरक्षण उपसमितिलाई क्रियाशिल बनाई सम्बन्धित वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

५५. **"विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं"** भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ । नगर विपद् प्रतिकार्ययोजना बनाई नेपाली सेना, नेपाल प्रहरी, टोल विकास संस्था स्थानीय क्लब र रेडक्रससँग सहकार्य गरी विपद न्यूनिकरण एवम् व्यवस्थापनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

अन्तर स्थानीय तहको समन्वय र सहकार्यमा वारुणयन्त्र र विपद् जोखिम न्युनिकरणका सामाग्री सहितको **अन्तर स्थानीय तह विपद् व्यवस्थापन केन्द्र** स्थापना गरिनेछ । सैनामैना नगरपालिका, सुद्धोधन गाउँपालिका, कन्चन गाउँपालिका र गैडहवा गाउँपालिकाको संयुक्त लगानीमा वारणयन्त्र सञ्चालन गरिनेछ । जलवायु अनुकूलन, बैकल्पिक उर्जा तथा विपद् प्रतिकार्ययोजनाले अँगालेका विषयलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।

## सुशासन तथा सेवा प्रवाह

५६. स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी वनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५७. न्यायिक समितिका पदाधिकारी तथा नगर कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ । पदाधिकारी, वडा सचिव, तथा सहायक कर्मचारीको लागि न्यायिक कार्यविधि ऐन तथा सो सँग सम्बन्धित विषयमा तालिम दिई न्यायिक निरुपणको व्यवस्था मिलाइनेछ ।.

५८. जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरण गरिनेछ । नगरपालिकाको सङ्गठन संरचना पुनरावलोकन गरी जनशक्ति पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । नगरपालिका केन्द्र र वडा कार्यालयहरुमा विद्युतीय हाजिरी तथा नागरिकलाई सूचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोगलाई प्रभावकारी बनाइनेछ । पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ । नगरभित्र हुने आर्थिक कारोवारहरुमा आर्थिक अनुशासन कायम गरिनुका साथै भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति लिइनेछ । नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरुमा छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीको बिकास गर्दै लगिनेछ । कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोवल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलव्ध गराइनेछ । साथै कर्मचारी र शिक्षकलाई प्रदान गरिदै आएको पुरस्कारलाई निरन्तरता दिइनेछ ।

५९. घर जग्गा बहाल कर असुली कार्यको शुरुवातका लागि सम्पत्ति कर, व्यवसाय कर र वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुसँग एक आपसमा आवद्ध गरी असुली प्रक्रियालाई अनिवार्य, व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न राजश्वसँग सम्वन्धित राजश्व शाखाका कर्मचारी, वडाका कर्मचारी, वडा समितिका पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीहरुलाई तालिमको व्यवस्था मिलाइनेछ ।

६०. आर्थिक वर्ष २०७७/०७८ मा वडा कार्यालयहरुलाई दिने पुँजिगत अनुदान रकमलाई घर नक्सा, व्यवसाय कर, घर जग्गा बहाल कर, बहाल बिटौरी कर र भौतिक पूर्वाधार विकास शुल्कबाट प्राप्त हुने आयलाई प्रमुख सूचक अर्थात सवैभन्दा बढी अंकभारको रुपमा लिइनेछ । नगर क्षेत्रभित्र पेशा, व्यवसाय, उधोग दर्ता गरेको वा नगरेको र करहरु तिरेको नतिरेको कार्यलाई चुस्तदुरुस्त पार्नको लागि वडा स्तरीय र नगर स्तरीय अनुगमन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६१. नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको हकमा उक्त कार्यलाई व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि घर जग्गा बहाल कर सुधार कार्य योजना तयार गरी लागु गरिनेछ । नगरको हकमा नगर प्रमुख र वडाको हकमा वडा अध्यक्षको संयोजकत्वमा घर जग्गा बहाल कर संकलन सहजीकरण समिति गठन गरिनेछ ।

६२. राजश्व परिचालन क्षमता सुधार तथा राजश्वको स्रोत र आधारहरु बृद्धि गर्न नगरपालिकाको राजश्व प्रशासन संगठनको ब्यवस्था गर्नु पहिलो कार्यको रुपमा देखिएकोले नगरपालिकाको करको नयाँ क्षेत्र तथा परिवर्तित राजश्व अधिकारको आधारमा भौतिक सुविधा, उपयुक्त मानव संशाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणाली सहित राजश्व परिचालनका लागि सुदृढ राजश्व शाखाको व्यवस्था मिलाइनेछ ।

६३. नगरपालिकाले हालको संबैधानिक तथा कानूनी ब्यवस्था अनुसार राजश्व संकलनको लागि दरहरु कायम भइसकेको र थप दायरा निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिएकोले राजश्व प्रक्षेपण गर्नुभन्दा पहिले नै सरोकारवालाहरुसँग पर्याप्त परामर्श गरेर करको दर भन्दा दायरा फराकिलो वनाइनेछ । करदाताले तिर्नुपर्ने कर रकम सम्वन्धि जानकारी उपलब्ध गराउन कर शिक्षा (Tax Education) सम्वन्धी सचेतना कार्यक्रम (Awareness Programme) संचालन गर्ने नीति लिइनेछ ।

६४. उपभोक्ताहरुको हितलाई मध्यनजर राखि गुणस्तरीय उपभोग्यवस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई निरन्तरता दिइनेछ ।

६५. नगरवासीलाई सुरक्षाको अनुभूति दिलाउन सुरक्षा निकायसँगको सहकार्यमा विभिन्न स्थानमा सि.सि.टि.भि. जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । समाजमा हुनसक्ने अपराधिक घटना नियन्त्रण गर्न सुरक्षा निकायसँग सहकार्य गरिनेछ ।

६६. नगरपालिका भित्र रहेका टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी नगरपालिकाको विकास र जनचेतनामूलक कार्यमा प्रत्यक्ष सहभागी गराईनेछ । उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

६७. नगरपालिका क्षेत्रभित्र जिल्ला समन्वय समिति मार्फत गठन भई सञ्चालनमा रहेका सामुदायिक विकास कोषहरुलाई एकीकृत गरी नगरस्तरीय एकल सामुदायिक विकास कोषको रुपमा सञ्चालन गर्ने गरी कानून तर्जुमा भइसकेकोले कानून बमोजिम दुवै विकास कोषलाई एकीकृत गरिनेछ र उक्त कोषलाई वडा नं. १० र ११ मा समेत क्षेत्र विस्तार गरिनेछ ।

६८. यस नगरपालिकाले विदेशी मुलुक चीनको गान्सु प्रान्तको क्यानन् स्वायत्त क्षेत्र सँग भगिनी सम्बन्ध कायम गर्ने गरी प्रकृया अघि बढाइसकेकोले उक्त कार्यलाई पूर्णता दिने गरी अन्तिम सम्झौता गर्ने व्यवस्था मिलाइनेछ । थप मुलुकसँग अन्तरराष्ट्रिय स्तरको सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

**आदरणीय सैनामैनाबासी जनसमुदायहरु,**

**“कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु-संस्कृत, समृद्ध नगर सैनामैनाको आधार”** भन्ने नारालाई साकार पार्नका लागि माथि उल्लेखित नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन् । यी नीतिहरुको सफल कार्यान्वयनको लागि नगरपालिकामा कृयाशील राजनीतिक दल, सरकारी तथा  गैर सरकारी संघसंस्थाहरु, पत्रकार जगत, नागरिक समाज लगायत सम्पूर्ण सैनामैनाबासी आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा सहित अनुरोध गर्दछु ।

**धन्यवाद ।**

**५ असार २०७६**

**चित्र बहादुर कार्की**

**नगर प्रमुख**